दार्चुलेली गालीको सम्पादनात्मक प्रक्रियाको वर्गीकरण र विश्लेषण

वासुदेव विष्ट, पिएचडी

कैलाली बहुमुखी क्याम्पस, धनगढी, कैलाली

Email: basudevbist50@gmail.com

DOI: https://doi.org/10.3126/jdl.v4i1.88047

लेखसार

आवेशमय भाषिक अभिव्यक्तिलाई गाली भनिन्छ। गालीले कुनै किसिमको नोक्सान नगर्ने भए पनि मानिसले गालीलाई सहन गर्न सक्दैनन्। प्रस्तुत अध्ययन दार्चुलेली गालीको सम्पादनात्मक प्रक्रियाको विश्लेषणमा केन्द्रित रहेको छ। दार्चुलेली गालीको स्वरूप, संरचना र विषयवस्तुका आधारमा गालीको सङ्कलन गरी सम्पादनात्मक प्रक्रियाको विश्लेषण गर्नु अनुसन्धानको उद्देश्य रहेको छ। यस अनुसन्धानलाई व्यवस्थित बनाउन गुणात्मक ढाँचामा रही क्षेत्रीय अध्ययन विधिबाट प्राप्त तथ्याङ्कको वर्णन र विश्लेषणबाट निष्कर्षमा पुग्ने काम गरिएको छ। प्रस्तुत अध्ययनमा दार्चुलेली गालीलाई सोद्देश्यमूक नमुना छनोट पद्धतिका आधारमा गालीको सङ्कलन गरी अध्ययन गरिएको छ। दार्चुलेली लोक भाषामा 'गाली गर्नु' लाई 'गालि दिनु' भनिन्छ। यही 'गालि' मूल शब्दमा पुरुषलाई बुझाउँदा 'अक' र महिलालाई बुझाउँदा 'इका' प्रत्यय जोडेर गालक र गालिका शब्दहरू निर्माण भएका पाइन्छन्। लोकगीत गाउनेलाई 'गायक' 'गायिका', भारत गाउनेलाई 'भार्त्या', फाग गाउनेलाई 'फगारी, सगुन गाउनेलाई 'सगुन्यारी' भनिएजस्तै गाली गर्ने पुरुषलाई 'गालक' र गाली गर्ने महिलालाई 'गालिका' भन्न सकिने अवस्था रहनुका साथै लोकव्यवहारमा गालीदिन्यावालो, गालीदिन्यावाली भनेर सम्बोधन गर्ने गरेको पाइन्छ। दार्चुलेली गालीमा श्लील र अश्लील, पारिवारिक सम्बन्ध, यौनिक र शारीरिक सम्बन्ध, जातीय वा वर्गीय रूपमा, सामाजिक आचरण वा व्यवहारजन्य आधारमा, पशुपछी, प्रकृति,धर्म, संस्कार र अन्य आधारमा गालीको प्रयोग समाजमा हुने गरिएको पाइन्छ। दार्चुलेली समाज धर्मकर्ममा विश्वास गर्ने भएकाले गालीमा पनि धार्मिक भावनाले प्रविष्टि पाएको देखिन्छ। यी गालीहरूले मानिसको जीवनपद्धति र धार्मिक आस्था, विश्वाससँगका मूल्य मान्यताहरूको अभिव्यक्ति दिएको पाइन्छ। स्थानीय धार्मिक अनुशासन, सामाजिक नियम, संस्कारअनुसार जीवन बिताउने अपेक्षा र त्यसको उलङ्घन गरे सामाजिक प्रतिघात समेत झेल्नु परेको देखिन्छ। समय, ऐतिहासिक परम्परा, बैँस आदि अवस्थाका सन्दर्भलाई इङ्गित गरी गाली सिर्जना भएको पाइन्छ। गाली समाजमा प्रयोग हुन्छन्। गालीले नकारात्मक वा आपत्तिजनक अभिव्यक्ति मात्र नभएर सामाजिक, जातीय, लिङ्गीय, पारिवारिक प्रतिबिम्ब समेत प्रस्तुत गरेको पाइन्छ।

शब्दकुञ्जी: आवेश,गालीदिन्यावालो, गालीदिन्यावाली, शमन, कथन

©2025 Author(s)

This open-access article is distributed under the terms of the Creative Commons Attribution-NonCommercial 4.0 International License (CC BY-NC 4.0).

परिचय

प्रस्तुत लेखमा दार्चुलामा बोलिने दार्चुलेली गालीको बारेमा अध्ययन गरिएको छ। बालकृष्ण पोखरेल (२०२२) ले दार्चुला जिल्लामा बोलिने मातृभाषालाई 'परपश्चिमा भाषिका' भन्ने नाम दिएका छन्। बालकृष्ण पोखरेलले 'परपश्चिमा' भनी दिएको नामलाई नै प्रस्तुत अध्ययनमा 'दार्चुलेली भाषा' भनिएको छ । सुदूरपश्चिम प्रदेशको पहाडी जिल्लाको रूपमा दार्चुला अवस्थित रहेको छ। यसको पूर्वमा बझाङ पश्चिममा भारतको उत्तराखण्ड राज्य, उत्तरमा चीनको स्वशासित तिब्बत क्षेत्र र दक्षिणमा बैतडी जिल्ला पर्दछ (पन्त, २०६७, पृ. ४)। दार्चुलेली भाषाले २०६८ को जनगणनापछि भाषाको मान्यता पाएको हो। नेपालमा राणा शासन, पञ्चायती व्यवस्था भएसम्म नेपालमा बोलिने भाषाहरू अछामी, जुम्ली, बझाङी, बैतडेली नेपाली भाषाका भाषिकाका रूपमा मानिन्थे। वि.सं. २०६८ को जनगणनाले यी भाषाहरूलाई बेग्ला बेग्लै भाषाको मान्यता दिएपछि भाषिका नभएर भाषाका रूपमा चिनिन थाले। त्यसैगरी नेपालको संविधान २०७२ ले नेपालमा बोलिने सबै मातृभाषाहरू राष्ट्रभाषा हुन् भन्ने कुरा उल्लेख गरेपछि दार्चुलेली भाषिकाले 'भाषा' को मान्यता पाएको हो। २०६८ को जनगणनाले १२३ भाषाको अध्ययनका क्रममा 'दार्चुलेली भाषिका' लाई भाषाका रूपमा स्वीकारी ५७ औं स्थानमा सूचीकृत गरेको छ। वर्तमान संविधान २०७२ सालमा भाषाको मान्यता पछि यस भाषामा अनुसन्धानमूलक लेख रचनाहरू प्रकाशित हुँदै छन् र तिनीहरूमा दार्चुलेलीलाई 'भाषिका' नभनेर 'भाषा' नै भनी उल्लेख भएको पाइन्छ।समाजमा भाषाको प्रयोग वक्ता र स्रोताको नाता सम्बन्ध, उमेर, लिङ्ग, जातजाति, पेसा, व्यवसायअनुसार फरक फरक हुन्छ। भाषाको प्रयोग समाजमा वक्ताले परिवेश प्रकृति अनुसार गर्दछ (पौडेल र धामी, २०७५, पृ. १४)। प्रस्तुत अध्ययनमा दार्चुलेली गालीको सम्पादनात्मक प्रक्रियाको विश्लेषण शीर्षकमा अध्ययन गरिएको छ ।

लोक जीवनका आस्था, विश्वास, व्यवहार, चिन्तन र अनुभूतिहरूलाई कल्पनाको आवरण दिएर रोमाञ्चक तत्त्वहरूको मिश्रण गरी कलात्मक रूपमा प्रस्तुत गरिने मौखिक साहित्य लोकसाहित्य हो (पराजुली र गिरी, २०८०,पृ. १)। साहित्य लोक समुदायद्वारा रचना गरिन्छ र लोक समुदायमा नै प्रचलनमा रहेको हुन्छ। गाली पनि लोकसाहित्यको लोकोक्ति जस्तै साहित्यिक विधाका रूपमा रहेको छ। गालीमा प्रयुक्त कथन पनि शब्दात्मक तहदेखि वाक्यात्मक तहसम्मको हुने गर्दछ। परस्परमा समानता पाइने पदहरूलाई एउटा वर्गमा र परस्परमा भिन्नता पाइने शब्दहरूलाई अर्कै वर्गमा राखेर पदहरूलाई वर्गीकरण गर्न सकिन्छ। भाषा व्यवहार सम्पादनको एक एकाइ भएकै हुनाले पाइकले भाषालाई मानवीय व्यवहारको एक एकाइका रूपमा हेरेका छन् (गौतम र चौलागाई, २०७०, पृ. २०)। मान्छे सामाजिक प्राणी हो। सामाजिक व्यवहार सञ्चालनको क्रममा आवेशात्मक भाषाको प्रयोग गरिन्छ। आवेशमा प्रयोग हुने गाली सबै भाषामा प्रयुक्त हुन्छन्। दार्चुला जिल्लामा प्रचलित गाली दार्चुलेली गाली हुन्। दार्चुलेली गाली दार्चुला जिल्लामा बोलिने स्थानीय कथ्य भाषामा आधारित छ।नेपालमा लोकसाहित्यका लोककविता, लोकगीत, लोककाव्य, लोकगाथा, लोककथा, लोकनाटक, गाउँखाने कथा, उखान, टुक्का तथा लोकमन्त्रजस्ता विधाहरू प्रचलनमा छन् (भट्टराई,२०७७, पृ. १)। लोकोक्ति पनि लोकसाहित्यको विधाअन्तर्गत पर्दछ। लोकोक्ति जस्तै लोकमा प्रचलित रूपमा गाली पनि रहेको छ। दुर्वचनद्वारा दिइने शिक्षाका रूपमा गालीलाई परिभाषित गरिएको पाइन्छ (ढुङ्गाना, २०५७, पृ. १२०)। गाली आवेशका अवस्थामा उच्चरित शब्द वा वाक्यात्मक लोकोक्ति हो। यसमा द्वितीय र तृतीय पुरुष कर्तालाई उद्देश्य गरिएका अनादरवाची सामान्यार्थक, इच्चार्थक र

सम्भावनार्थक क्रियापद रहेका हुन्छन् । गालीको प्रत्युत्तर फर्काएमा विवादसमेत हुने गरेको पाइन्छ । सामान्य रूपमा ठुलाबडाद्वारा आफूभन्दा सानालाई सही मार्गमा लगाउन गालीको प्रयोग गरिएको पाइन्छ । ओहोदामा बसेर गलत काम गर्नेलाई औपचारिक गालीको प्रयोग दिनहुँ भइरहे पनि यसप्रति समाजको सकारात्मक दृष्टिकोण रहेको पाइँदैन ।

गालीहरू लोकसाहित्यका अन्य विधाझैँ परम्परागत रूपमै गालक र गालिकाहरूलाई प्राप्त भएका हुन् । 'गालक' र 'गालिका' यी दुबै शब्दको निर्माण संस्कृत भाषाको 'आश्वादने' अर्थ बुझाउन 'गल' धातुमा क्रमशः 'अक' र 'इका' प्रत्यय लगाएर बनाउन सकिन्छ । दार्चुलेली लोक भाषामा 'गाली गर्नु' लाई 'गालि दिनु' भनिन्छ ।यही 'गालि' मूल शब्दमा पुरुषलाई बुझाउँदा 'अक' र महिलालाई बुझाउँदा 'इका' प्रत्यय जोडेर गालक र गालिका शब्दहरू निर्माण भएका पाइन्छन् । लोकगीत गाउनेलाई 'गायक' 'गायिका', भारत गाउनेलाई 'भार्त्या', फाग गाउनेलाई 'फगारी, सगुन गाउनेलाई 'सगुन्यारी' भनिएजस्तै गाली गर्ने पुरुषलाई 'गालक' र गाली गर्ने महिलालाई 'गालिका' भन्न सकिने अवस्था रहनुका साथै दार्चुलेली लोकव्यवहारमा गालीदिन्यावालो, गालीदिन्यावाली भनेर सम्बोधन गरेको पाइन्छ । प्रायः व्यक्तिहरूले आवेशको शमनका लागि गाली गर्दछन् तर 'म गाली दिन्छु' भनेर कसैले स्वीकार गरेको पाइँदैन । गालीलाई नितान्त अश्लीलताको पगरी गुताई राख्नाले गाली गर्ने व्यक्तिले पनि गाली गर्ने कुरा स्वीकारेको पाइँदैन । लोक संस्कृतिकै एक हिस्सा लोकसाहित्यलाई सुदूरपश्चिमी समाजले आफ्नो जीवन शैलीका रूपमा व्यवहारमा उतारेको पाइन्छ (जोशी, २०७४, पृ. १) । लोक साहित्यअन्तर्गतकै एक विधाका रूपमा गाली पनि रहेको छ ।दार्चुला जिल्लामा प्रयोगमा आउने गालीको अध्ययन अहिलेसम्म भएको पाइँदैन । दार्चुलेली गालीको स्वरूप के कस्तो रहेको छ ? विषयवस्तुका आधारमा दार्चुलेली गालीको सङ्कलन कसरी गर्न सकिन्छ ? भाषिकागत आधारमा दार्चुलेली गालीको वर्गीकरण गरी सम्पादनात्मक प्रक्रियाको विश्लेषण के कसरी गर्न सकिन्छ ? भन्ने समस्यामा प्रस्तुत अध्ययन केन्द्रित रहेको छ ।

अध्ययन विधि

प्रस्तुत लेख तयार गर्ने क्रममा गुणात्मक अनुसन्धान विधि अन्तर्गत क्षेत्रीय स्थलगत अध्ययनविधिको प्रयोग गरिएको छ । नेपाली लोकसाहित्यका विभिन्न विधा छन् । त्यस्ता विधाहरू क्षेत्र र ठाउँअनुसार भिन्नभिन्न देखिन्छन् । नेपालमा लोकसाहित्यका लोकगीत, लोकनाटक, लोककथा, लोकोक्ति, लोककविता जस्ता मुख्य विधाहरूको सङ्कलन र अध्ययन भएको पाइन्छ । नेपाली भाषामा गाली पनि रहेका छन् । नेपाली भाषा इतर अन्य भाषामा पनि गाली रहेका छन् । ती सबै गालीलाई प्रस्तुत अध्ययनमा जनसङ्ख्या मानी सोद्देश्यमूक नमुना छनोट पद्धतिका आधारमा दार्चुला जिल्लामा पाइने 'गाली' लाई चयन गरिएको छ ।सामग्री सङ्कलनका लागि दुहुँ, मार्मा र लेकम क्षेत्रमा बसोबास गर्ने विभिन्न उमेर समूहका ११ जना भाषिक वक्ताहरूलाई प्रतिनिधि रूपमा लिएर प्राथमिक सामग्रीका रूपमा गालीको सङ्कलन गरिएको छ । सूचकको चयन क्षेत्रगत आधारमा र दार्चुलेली भाषा बोल्ने, प्रयोग व्यवहार गर्ने गरेको आधारबाट सूचकको चयन गरिएको छ । सङ्कलित गालीलाई तीनजना दार्चुलेली भाषिक वक्ताका माध्यमबाट सत्यापन गरिएको छ । अनुसन्धानलाई व्यवस्थित र निर्धारित समयभित्र सम्पन्न गर्नका लागि लोकोक्ति, लोकसाहित्य, भाषा र गाली सम्बन्धी पुस्तक, लेख आदिलाई द्वितीयक स्रोतका रूपमा लिई पुस्तकालयीय प्रक्रिया अवलम्बन गरिएको छ । प्रस्तुत अध्ययनका लागि प्राप्त तथ्यको वर्णन र

विश्लेषणका लागि डेल हाइम्सको सम्पादनात्मक सिद्धान्तलाई अवलम्बन गरी अवलोकन, उदाहरण र प्रयोगको अवस्था देखाइएको छ ।

सैद्धान्तिक पर्याधार

भाषा व्यक्तिको मनोभाव प्रकट गर्ने माध्यम हो । भाषाले वक्ताका अभिप्रायलाई स्रोता समक्ष हुबहु रुपमा प्रस्तुत गर्दछ । भाषाका माध्यमबाट सामाजिक व्यवहारहरू सञ्चालन हुन्छन् । दार्चुलेली भाषा बोलीचालीको व्यवहारमा प्रयोगमा रहेको भाषा हो । दार्चुलेली भाषाका माध्यमबाट दार्चुलेलीहरूले आपसमा भेटघाट हुँदा, बिहाबारी, व्रतबन्ध, चाडपर्व, मेलापात आदि स्थानमा सरल, सहज तरिकाले विचार विनिमय गर्दछन् । भाषिक कार्य सम्पादन गर्दा आवेशात्मक भाषाको समेत प्रयोग भएको पाइन्छ । आवेशलाई शमन गर्न प्रयोगमा आउने भाषिक शब्द, शब्दावली, उपवाक्य र वाक्यका तहमा प्रयोग हुने भाषालाई गालीको नाम दिएको पाइन्छ । कार्य सम्पादनका अवस्थामा प्रयोग हुने दार्चुलेली गालीको अध्ययन कार्य भएको पाइँदैन । दार्चुलेली गालीको सम्पादनात्मक प्रक्रियाको अध्ययन डेल हाइम्सको सम्पादनात्मक सिद्धान्तको आधारमा गरिएको छ ।

अमेरिकी डेल हाइम्स अङ्ग्रेजी भाषा एवम् लोकवार्ताविद् हुन् । उनले सन् १९६२ मा कथनको जातित्वको कुरा प्रकाशमा ल्याए । यसमा उनले भाषण प्रक्रियाको स्वरूप देखाई कथन वा वाग्घटनाको वर्णनका लागि आवश्यक कुराहरूको उल्लेख गरेका छन् । हाइम्सले सम्पादनलाई सन्दर्भमा रहेको र यसबाट कथनको विकास हुने बताएका छन् (बन्धु,२०५८, पृ. ८२) । हाइम्सले वाग्घटना तथा वाक्क्रियाको विश्लेषणको आधारस्वरूप कथनको जातितत्त्वको विकास गरेका छन् (बन्धु, २०५९, पृ. १९) । उनी समाज भाषाशास्त्री भएकाले समाजमा भाषाको कथन कसरी सम्पादन भएको छ भन्ने कुरालाई पनि विश्लेषण गरेका छन् । डेल हाइम्सद्वारा प्रतिपादित अङ्ग्रेजी भाषाको 'SPEAKING' शब्दको प्रत्येक अक्षरबाट थालिने कथनको पद्धतिलाई बन्धु (२०५९) ले परिवेश र दृश्य, सहभागीहरू, उद्देश्य, कार्यको क्रम, सुर, कारणत्त्व, प्रतिमानहरू, विधा गरी उल्लेख गरेका छन् । परिवेशले कुनै पनि कथनको स्थान र समय जनाउँछ । दृश्यले त्यस परिवेशका व्यक्तिको मानसिक स्थिति जनाउँछ (बन्धु,२०५९, पृ. १९) । दुई व्यक्तिबिचको विवाद वा आवेश गालीको प्रस्तुतिका निम्ति परिवेश हुनसक्छ भने अन्य स्रोता वा दर्शकहरूले त्यस दृश्यको निर्माण गर्दछन् । सहभागीहरूमा वाक्क्रियाका वक्ता र स्रोता, सम्पादनकर्ता र दर्शक पर्दछन् (बन्धू, २०५९, पृ. १९) । प्रस्तुतिका सहभागीहरूमा गालक, गालिका र स्रोताहरू पर्दछन् । उद्देश्यमा कथनको मनोरञ्जन, अनुष्ठान, शिक्षा, सञ्चार, आवेशको शमन आदि कुनै पनि हुनसक्छ (बन्धु,२०५९, पृ. १९) । गालीको प्रस्तुति आवेशको शमन, मानसिक सन्तुष्टि र वाक् द्वन्द्वबाटै सुधार होस् भन्ने उद्देश्य राखेर गरिन्छ । कार्यको क्रममा हरेक कथनको निश्चित क्रम हुन्छ (बन्धु,२०५९,पृ. १९) । गालीको प्रस्तुतिमा आरोह र अवरोहको क्रम हुन्छ । गालीको प्रत्युत्तर फर्काएमा त्यसको क्रम झन् बढ्ता हुन्छ र लम्बिन्छ । प्रत्युत्तर नफर्काइएमा छोटो रुपमै समाप्त हुन्छ । सुरको कथनमा आवाजको उतारचढाव, बोल्ने ढाँचा र बोलीको भावभङ्गी हुन्छ (बन्धु, २०५९, पृ. १९) । गालीमा हेला, माया, खिसी, व्यङ्ग्य र पराइपनको भाव हुन्छ । कारणतत्त्वमा कथनको रूप र शैली पर्दछन् । वक्ताले भाषिका वा मानक रूपको अनि औपचारिक वा अनौपचारिक शैलीको प्रयोग गर्न सक्छ (बन्धु, २०५९,पृ. १९) । गालीमा अनौपचारिक शैली र भाषिकाको प्रयोग हुन्छ ।

प्रतिमानहरूमा सहभागीका क्रिया र प्रतिक्रियाहरू र वाग्घटनालाई नियन्त्रित गर्ने सामाजिक नियम र मान्यता पर्दछन् (बन्धु, २०५९, पृ. १९) । आवेशका अवस्थामा मात्र गाली दिनु, गाली दिँदा सामाजिकरूपमा मान्य व्यक्तिका सामु गाली नदिनु र दिए पनि अश्लीलताको मात्रा कम हुनु जस्ता कुराहरू यसभित्र पर्दछन् । कथनको विधातत्त्वअन्तर्गत पर्ने विषय गाथा, नाटक, कथा, कविता, गीत, मन्त्र, उखान, टुक्का, गाली, गाउँखाने कथा आदि हुन् । गाली यस कथनको एक विधा हो ।पौराणिक सन्दर्भमा प्रयुक्त गालीहरू प्रायः हिन्दू धर्मशास्त्र, महाभारत, रामायण, पुराणजस्ता ग्रन्थहरूमा पाइन्छन् । ती गालीहरू आजको अर्थमा प्रयोग हुने गालीभन्दा केही फरक हुन्छन् । अधिकांश अवस्थामा ती अपमानजनक वा व्यङ्गात्मक टिप्पणीका रूपमा प्रयोग भएका पाइन्छन् । ती गालीहरूले व्यक्तिको चरित्र हत्या, आचरण वा स्थितिप्रति अपमान वा तिरस्कार देखाउँछन्; जस्तैः धर्मशास्त्रमा मूर्ख शब्द धर्म र अधर्मको ज्ञान नपाएको व्यक्तिको लागि प्रयोग भएको पाइन्छ । त्यसैगरी रामायणमा रामले रावणलाई 'अधम' भनेर सम्बोधन गरेको पाइन्छ । महाभारतमा शकुनी वा कर्णलाई विरोधीहरूले 'कपटी' भनी सम्बोधन गरेको पाइन्छ । गाली जुनसुकै भाषामा पनि प्रयोग भएका पाइन्छन् । धर्मशास्त्रदेखि वर्तमानमा भाषिक व्यवहार सञ्चालन हुने भाषाभाषीहरूमा समेत गालीको प्रयोग भएको पाइन्छ । भाषा, विचार, विधा वा विषयवस्तुको कलात्मक तरिकाले सम्पादन गर्ने कार्यलाई भाषा सम्पादन भनिन्छ (भट्टराई, २०८१, पृ. १७) । दार्चुलेली भाषामा रहेका दार्चुलेली गालीको स्वरूप, संरचना र विषयवस्तुका आधारमा दार्चुलेली गालीको सङ्कलन गरी सम्पादनात्मक प्रक्रियाको विश्लेषण गर्नु यस लेखको उद्देश्य रहेको छ ।

नतिजा र छलफल

'दार्चुलेली गालीको सम्पादनात्मक प्रक्रियाको विश्लेषण' शीर्षकको लेखमा दार्चुलेली गालीको स्वरूपगत पहिचान, संरचना र विषयवस्तुका आधारमा दार्चुलेली गालीको सम्पादनात्मक विश्लेषण गरिएको छ । दार्चुलेली गालीको सम्पादनात्मक प्रक्रियाको विश्लेषणका लागि दार्चुलेली साक्षर वक्ता, दार्चुलेली भाषी निम्नमाध्यमिक शिक्षक र क्याम्पसामा अध्यापनरत शिक्षकको अन्तर्वार्तालाई निम्नानुसार उल्लेख गरिएको छः

दार्चुलेली भाषी साक्षर वक्ताकाअनुसार "गाली पहिलेदेखि चलेको हो । गल्ती गर्नुहुँदैन । गल्ती गरेमा गाली पाइन्छ । कसैले गल्ती गरेको अवस्थामा रिस धेरै आयो भने गाली गरिन्छ । बेकसुरमा कसैले पनि गाली गर्दैन । गाली त कुनै न कुनै प्रकारको कमजोरी भएमा वा काम बिगारेमा गरिन्छ । आफन्त नातासम्बन्धका मान्छेलाई सुधार्नका लागि गाली गरिन्छ भने कसैले गल्ती गरेको छ तर लड्न भिड्न सकिदैन भने त्यस्तो अवस्थामा गाली दिएर चित्त बुझाउने गरिन्छ । गालीको प्रयोगले मान्छे कति शिक्षित र अशिक्षित छ भन्ने कुरा पनि बुझिन्छ । गाली गर्नु राम्रो मानिदैन । गालीको कम प्रयोग गरी सुधारात्मक उपाय अपनाउनु पर्ने" धारणा अन्तर्वार्तामा उल्लेख गरेका छन् ।

निम्न माध्यमिक शिक्षकका अनुसार " सानो बालकदेखि बयस्क, बृद्धसम्मकाले गाली गरेको पाइन्छ । आफ्नो दौँतरी उमेरकाहरूसँग, आफूभन्दा सानासँग गरिने व्यवहारका आधारमा गालीको प्रयोग हुन्छ । मानिसको मनमा उत्पन्न नाना प्रकारका भावहरूलाई अभिव्यक्त गर्न आवेशमय गालीको प्रयोग गरिन्छ । गाली दिएपछि चेतावनीमा रहोस्, आगामी दिनमा गल्ती नगरोस्, दण्ड र सजायका रूपमा पनि गालीको प्रयोग गरिन्छ । गालीले आफूभन्दा सानालाई सम्झाउन, काममा

लगाउन सजिलो गर्ने भएकाले सकारात्मक प्रभाव पार्दछ भने आफन्त नातागोता सम्बन्धमा कटुता, वैमनस्य भाव उत्पन्न गरी दीर्घकालसम्म असर गर्ने भएकाले नकारात्मक प्रभाव पार्छ तर चेतावनी र सचेतता दिने" कुरा उल्लेख गरेका छन्।

क्याम्पसमा अध्यापनरत प्राध्यापककाअनुसार "गाली आवेशमय अभिव्यक्ति हो। गालीले सचेतना र चेतावनी दिने काम गर्छ। दार्चुलेली भाषामा गालीको प्रयोग सबै वर्गका मानिसले गर्दछन्। आफूभन्दा ठुलाले सानालाई दिने गाली कमजोरी सुधार गरी सकारात्मक बाटोमा डोऱ्याउनका लागि दिइन्छ भने अन्य विभिन्न सन्दर्भमा गरिने गाली आवेशको शमन र चेतावनी स्वरूप दिने गरिन्छ। गाली दिएपछि मान्छेले गल्ती गर्दैन। सावधानी अपनाएर काम गर्छ। अर्काको कुभलो हुने कामप्रति प्रेरित हुँदैन भन्ने सोच रहेको पाइन्छ। गालीमा अश्लील र श्लील शब्दहरूको प्रयोग गरिन्छ। अश्लील गाली असभ्य र अशिक्षितको प्रयोगका रूपमा रहेको हुन्छ। शिक्षितले अश्लील गालीको प्रयोग कम गर्दछन्। गाली दण्ड, सजाय र सुधारात्मक प्रक्रियाको रूपमा रहने" धारणा उल्लेख गरेका छन्। दार्चुलेली गालीको सम्पादनात्मक प्रक्रियाको विश्लेषण शीर्षकमा रही नतिजा र छलफल निम्नानुसार गरिएको छः

दार्चुलेली गालीको स्वरूपगत पहिचान

दार्चुलेली गालीको विस्तृत अध्ययन गरिएको पाइँदैन। यो अध्ययन नै पहिलो अध्ययनका रूपमा रहेको छ। दार्चुलेली गालीलाई लोकसाहित्यको लोकोत्तिअन्तर्गत राखी गालीको प्रस्तुतिगत स्वरूपका आधारमा अध्ययन गरिएको छ। यस आधारमा दार्चुलेली गालीको स्वरूपलाई सामाजिक दृष्टिका आधारमा औपचारिक र अनौपचारिक गाली गरी दुई भागमा विभाजन गरी उल्लेख गरिएको छ।

औपचारिक गाली

औपचारिक शैलीमा प्रयोग हुने गाली औपचारिक गाली हुन्। यसभित्र एकशब्दे गाली, प्रायःजसो दैनिक रूपमा प्रयोग हुने गाली औपचारिक गाली हुन्। जस्तैः बेकूप, राणा चेलो, राणिको चेलो, चोर, निच, हरामी, पुट्क्या, ठालु, खद्वा, बउलाः, निकर्चो, निकर्चि, नकटि, नकटो आदि। यी गालीहरू पढेलेखेका बौद्धिक र शिक्षित वर्गले पनि प्रयोग गरेको पाइन्छ। कुराकानी गरिरहेको सन्दर्भमा एकआपसमा मतभेद भयो भने वा विचारको अनुसरण नगरी विमती देखाउने क्रममा, कुनै समाजलाई अपाच्य हुने किसमका कामहरू गरिएमा, असाधारण किसिमको बानी व्यवहारहरू देखाएको सन्दर्भमा प्रयोगमा आउने गाली नै औपचारिक गालीका रूपमा रहेका पाइन्छन्।

अनौपचारिक गाली

अनौपचारिक गाली श्लील र अश्लील गरी दुई किसिमका हुन्छन्। गालीको मूल रूप श्लील गाली हो। श्लील रूपबाट नै अश्लील रूपको विकास भएको पाइन्छ।

श्लील रूप

गालीको श्लील रूपमा अश्लील शब्दहरू हुँदैनन्। यो गाली श्लीलरूपमा अभिव्यक्त हुन्छ। जस्तैः 'फुलका घुत्ताकि जनि ओइलाइ झे' ,'मुन्डामाइ बउसा जाडो रइ झउ', 'खान जनपाए', 'पल्ला चाल जनपुजे', 'जडो जन रउ', 'हुनजन पाए', 'पलुएजन', 'डिठ जन पडउ', 'धेक्दु जनपाए', 'फुल फुलिझउ फल जनलागउ', 'चेःडा डिठ पडिझउ', 'डाणि लागि झउ', 'बान पडिझउ', 'मरि झे', 'डऱ्यउनो होइझे', 'माटो पडि झउ', 'खड्यउनो होइझे', 'गउहालो', 'गउहालि', 'बिनबुवा', 'दालिदर', 'कङ्काली','घत्याः', 'चलवा' आदि श्लील रूपका दृष्टान्त हुन्।

अश्लील रूप

श्लीलतालाई नाघेर दिइने गाली अश्लील गाली हो। गालीको अश्लील रूपले आमालाई बुझाउँछ। यो गाली नातासम्बन्धलाई गाँसेर दिइन्छ। यसलाई 'काँची' गाली भनेर पनि सम्बोधन गरिएको पाइन्छ। जस्तैः तेरि इजा पोइ होइझे, तेरि इजा राखे, तेरा बुबा राखे, तेरि राण राणि होइझउ, तइ राणो रइझे, बालिबैसइ राणि होइझे, पोइ टोक्या राण, तेरि इज्या ठासे, तेरि इज्या ल्हिन्या आदि अश्लील गाली हुन्। यी गालीको प्रयोग आपसी सद्भावमा मतभेदको स्थिति आएमा, हात हालाहालको स्थिति भएमा, टाढाटाढा रहेर एक अर्कोलाई गाली गर्नु परेमा, ठूलो वैमनस्याता प्रकट गर्नुपर्ने स्थितिमा अभिव्यक्त हुने गरिएको पाइन्छ। यो 'आमाचाक्ली' गालीका रूपमा प्रयोग भएको पाइन्छ। आमासँगको नातागोतालाई गाँसेर गाली दिने अश्लील रूपको गाली असभ्यताको प्रतीक मानिन्छ। समाजमा झगडा हुँदा रिस शमन गर्न मुखबाट फुत्त गाली निस्कने गर्दछ। रिसको मात्राको आधारमा पनि गालीको श्लील र अश्लील रूपको प्रयोग हुने गरेको पाइन्छ।
गाली दार्चुलेली भाषिक व्यवहारमा प्रयुक्त हुने गर्दछ। गालीमा श्लीलता र अश्लीलताको प्रयोग भएको पाइन्छ। कतिपय व्यावहारिक यथार्थलाई सामाजिक मान्यताले गर्दा सार्वजनिक रूपमा सबै गालीको प्रयोग गर्न सकिँदैन। दार्चुलेली गालीका औपचारिक रूप सर्वव्यापक ढङ्गले प्रयोग भएका पाइन्छन्। अनौपचारिक गालीका श्लील र अश्लील रूपमध्ये श्लील रूपको प्रयोग बढी हुने र अश्लील रूप आवेशको अत्यधिक मात्रामा बढी अभिव्यक्त हुने गरेको पाइन्छ। अश्लील रूपको अभिव्यक्ति सुन्ने मान्छेले; जुन सामान्य अवस्थामा रहेको छ; त्यसले जिब्रो टोकेर भाग्नु पर्ने स्थितिसमेत सिर्जना गर्ने गरेको पाइन्छ।यसले गाली गर्ने गालीदिन्यावालोको गाली सुनेर गालीसुन्ण्यावालोलाई प्रत्युत्तर फर्काउन बाध्य बनाउने परिवेशको निर्माण गरेको पाइन्छ। यसबाट आमनेसामनेमा भए झगडा नै हुने स्थिति निर्माण भई दुर्घटना निम्त्याउने भएकाले अश्लील गालीको प्रयोग त्याज्ज मानिन्छ। काव्यशास्त्रमा अश्लीलतालाई साहित्यिक कृतिको दोष मानिएको छ। लाजभाँड बुझाउने वा लज्जास्पद शब्द वा कुरो अश्लील हो (त्रिपाठी, २०५५, पृ ९०) भनेका छन्। त्यसैगरी संस्कृत काव्यशास्त्री मम्मट, विश्वनाथ, प्रभृतिले शब्द दोषमध्ये अश्लील पनि एक दोष रहेको उल्लेख गरेका छन् (पौडेल, २०५७, पृ ५३)। गालीमा दार्चुलेली भाषाका झर्रा शब्दहरूको प्रयोग पर्याप्त भएको पाइन्छ।

संरचना र विषयवस्तुका आधारमा गालीको सङ्कलन र विश्लेषण

दार्चुलेली गालीलाई संरचना र विषयवस्तुका आधारमा दुई किसिमले वर्गीकरण गर्न सकिन्छ। संरचनाका आधारमा पदगत, पदावलीगत र वाक्यगत गालीमा विभाजन गरी निम्नानुसार उल्लेख गरिएको छ;

पदगत गाली

गाली विविध किसिमले व्यक्त हुन्छ। गाली पदगत रूपमा व्यक्त हुने प्रक्रिया पाइन्छ। एउटै शब्द वा पदबाट बनेको गाली पदगत गाली हो। दार्चुलेली गालीमा पदगत गालीहरूको प्रयोग भएको पाइन्छ। पदगत गालीलाई नामपदीय गाली, विशेषण पदीय गाली र क्रियापदीय गालीका रूपमा निम्नानुसार वर्गीकरण गर्न सकिन्छ (घोडासैनी,२०६७ पृ ४०)। दार्चुलेली गालीमा पनि नामपदीय गाली, विशेषण पदीय गाली र क्रियादीय गाली रहेको पाइन्छ, जस्तै:

नामपदीय गाली

नाम शब्दका रूपमा रहेका गाली नामपदीय गाली हुन् । नामपदीय गालीलाई निम्नानुसार प्रस्तुत गरिएको छ:

गाली	**अर्थ**
बुर्कि	मुर्द्धा मसानघाटमा लैजाँदा छरिने अन्न
बानर	बाँदर
हिरन	सुन
चेडो	मसानघाट
कातरो	कपडा
मुल्या	आमाबुबा नभएको केटो
मुलाई	आमाबुबा नभएकी केटी

दार्चुलेली भाषामा पदगत गालीहरूमा नामपदीय गालीअन्तर्गत बुर्की, बानर, चेडो,कातरो, मुल्या, मुलाइ, काट्टो, जस्ता गालीको प्रयोग भएको पाइन्छ । नामले मात्र सम्बोधन गरी आफूभन्दा साना आफ्ना छोरा, छोरी, भाइ, भतिजालाई काममा खटाएको अवस्थामा काम बिगारेपछि अब उप्रान्त गल्ती नगरून्, काम नबिगारून्, काम राम्ररी सिकून भन्ने उद्देयले आवेशमा आएर गाली दिने गरेको पाइन्छ । आफन्तका बिचको नजिकको सम्बन्धलाई दर्साउन र कामका सुधार ल्याउन समेत गालीको प्रयोग हुने गरेको पाइन्छ ।

विशेषण पदीय गाली

विशेषता जनाउने शब्दहरूबाट निर्मित गालीलाई विशेषण पदीय गाली भनिन्छ । विशेषण पदीय गालीलाई निम्नानुसार उल्लेख गरिएको छ;

गाली	**अर्थ**
चेडानि	मसानको पानी
मोसड्या	घुसघुस्या
मुर्कट्या	श्रीमती नभएको लोग्ने
मुर्काटि	श्रीमान् मरेको स्वास्नी
निकर्चो	नकच्चरो
निकर्चि	नकच्चरी
नकटो	नाक काटिएको
नकटि	नाक काटिएकी
गस्या	गाँस खोज्दै हिंड्ने
कुकर्मि	कुकुरको प्रवृत्तिको
तिपुरदास	हावा, हल्को स्वभावको
डोलारि	डुलिरहने

फेरकल्लो	घुमी रहने पुरुष
फेरकल्लि	घुमी रहने आइमाई

विशेषण पदीय गालीमा चेडानि, मोसड्या, मुर्कट्या, मुर्काटि, निकर्चो, निकर्चि, नकटो, नकटि, गस्या, कुकर्मि, तिपुरदास, डउनो, डोलारि, अधर्मि, फेरकल्लो, फेरकल्लि आदि विशेषणपदीय गाली प्रयोग गरिएको पाइन्छ ।विशेषण शब्दलाई प्रयोग गरेर गाली दिइन्छ ।

क्रियापदीय गाली

क्रियापद शीर्ष रहने पदावलीलाई क्रिया पदावली भनिन्छ (लम्साल,२०७१, पृ १४८) ।वाक्यको अन्त्यमा प्रयुक्त हुने क्रियापदका माध्यमबाट व्यक्त हुने गाली क्रियापदीय गाली हुन् । क्रियापदीय गालीलाई निम्नानुसार उल्लेख गरिएको छ;

गाली	**अर्थ**
घिच्चु	खानु
ढोल्नु	पोख्नु
फुडफुडाउनु	आफैँ आफैँ बोल्नु
कालाहाल्लु	हल्ला गर्नु
डाःड्हाल्लु	मरेको हो भनी मलामीले कराउनु
उजड्यो	केही नभएको
ओखल्यो	खुइलिएको
बुकउनु	राक्षसले खाए झैँ गरी खानु

क्रियापदीय गाली घिच्चु, ढोल्लु, फुडफुडाउनु, कालाहाल्लु, डाड्हाल्लु, उजड्यो, ओखल्यो, बुकउनु आदि गालीहरू क्रियापदीय गालीको रूपमा प्रयोग भएका छन् । यी गालीहरू शब्दात्मक रूपमा नै प्रस्तुत हुन्छन् । छिटो, छरितो रूपमा आवेशात्मक किसिमले सम्झाउन, गाली गर्न यी गालीहरूको प्रयोग भएको पाइन्छ ।

पदावलीगत गाली

एकभन्दा बढी पद वा शब्दहरू मिलेर बनेका गाली पदावलीगत गाली हुन् (घोडासैनी, २०६७, पृ. ४०) । पदावलीगत गालीहरू नाम र क्रियापद, नाम र नाम, द्वित्व शब्द र क्रियापद, क्रिया र क्रिया मिली बनेका पाइन्छन् । जस्तैः

अ.	**नाम**	+	**क्रियापद**	+	**वाक्य**	=	**अर्थ**
	किडा	+	पड्डु	+	किडा पड्डु	=	किरा पर्नु ।
	चेडा	+	पड्डु	+	चेडा पड्डु	=	चिहानमा पर्नु ।
	डाणा	+	लाग्दु	+	डाणा लाग्दु	=	पागल हुनु ।
	सण्या	+	होइझे	+	सण्या होइझे	=	मरेको काममा लागेस्।
	नउ	+	हराइझउ	+	नउ हराइझउ	=	नाम हराओस् ।

माथि प्रस्तुत गरिएका 'किडा पड्डु', 'चेडा पड्डु', डाणा लाग्दु, 'सण्या होइझे', 'नउ हराइझउ' जस्ता गालीहरू पदगत गाली हुन्। मानवीय र मानवेत्तर प्राणीलाई आवेग आउँदा र रिस शमन गर्नका लागि पदगत नाम शब्द र क्रियापद मिली बनेका गालीहरूको प्रयोग गरिएको पाइन्छ।

आ.	**नाम**	**+**	**नाम**	**+**	**वाक्य**	**=**	**अर्थ**
	गाईको	+	मासु	+	गाईको मासु	=	कसम
	माः	+	कसम	+	माःकसम	=	आमाचकारी
	विद्या	+	नास	+	विद्यानास	=	सरस्वतीको कसम
	कुकुरो	+	चेलो	+	कुकुरो चेलो	=	कुकुरको प्रवृत्तिको
	चमारो	+	चेलो	+	चमारो चेलो	=	चमार जातिको चेलो

माथि प्रस्तुत गरिएका गालीहरू 'गाईको मासु', 'माःकसम', 'विद्यानास', 'कुकुरो चेलो', 'चमारो चेलो' जस्ता गालीहरू नाम र नाम शब्द मिली बनेका गालीहरू हुन्। यी गालीहरू मैले गाली वा कसुर गरेको होइन भनी विश्वास दिलाउनका लागि आपसी व्यवहारमा र रिस शमनका अवस्थामा प्रयोग गरिएका पाइन्छन्।

इ.	**क्रिया**	**क्रियापद**	**वाक्य**	**अर्थ**
	लोटि	मरिझे	लोटिमरिझे	लडेर मर्नु।
	खड्यउनु	होइझे	खड्यउनु होइझे	खाल्डोमा हाल्नु परोस्।
	पोल्लु	होइझे	पोल्लु होइझे	पोल्नु परोस्।
	घाङाड्डु	होइझे	घाङाड्डु	घिसार्नु परोस्।
	चेप्दु	होइझे	चेप्दु होइझे	च्याप्नु परोस्।
	फाड्डु	जनपाए	फाड्डु जनपाए	लुगा, समान लगाउन नपाएस्।

माथि प्रस्तुत गरिएका 'लोटि मरिझे', 'खड्यउनु होइझे', 'पोल्लु होइझे', 'घाङाड्डु होइझे', 'सियुड्डु होइझे', 'चेप्दु होइझे', 'फाड्डु जनपाए' जस्ता गालीहरू क्रिया र क्रियापद मिली बनेका गालीहरू हुन्। आवेशमा आएर आफूभन्दा सानाले वा आफू समानकाले काम बिगारेको अवस्थामा रिस शमन गर्न र अब उप्रान्त गरेका गल्तीहरू नदोहोऱ्याओस् भन्ने हेतुले समेत गाली गरिएको पाइन्छ। यसमा इच्छार्थक भावको प्रयोग भएको पाइन्छ।

वाक्यगत गाली

दुई पदभन्दा बढी पदहरूद्वारा निर्मित वाक्य वा अनुच्छेदसम्मका गालीलाई वाक्यगत गालीमा प्रस्तुत गरिएको छ। वाक्यगत गालीमा प्रयोग हुने विभिन्न घटकहरूका आधारमा वाक्यगत गालीलाई निम्नानुसार उल्लेख गरिएको छ;

ई.	**नाम**	**+**	**क्रियामूल**	**+**	**क्रिया**	**=**	**वाक्य**	**अर्थ**
	अचानामाइ	+	काट्टु	+	भये	=	अचानामाइ काट्टु भये।	अचानोमा काट्नु परोस्।
	काठमुणि	+	बाद्दु	+	होइझे	=	काठामुणि बाद्दु होइझे।	काठमा बाँध्नु परोस्।
	चानिन्	+	मुत्तु	+	होइझउ	=	चानिन् मुत्तु होइझउ।	निधारमा पिसाब परोस्।
	डउर	+	पडि	+	झे	=	डउर पडि झे।	खाल्डोमा परेस्।

लामिबाट + बनउनु + होइझे = लामिबाट बनउनु होइझे। मरेस्।

दार्चुलेली गालीमा जनावर, शरीरका अङ्ग र सामाजिक हैसियतका शब्दहरू प्रयोग गरिएका पाइन्छन्। यी गालीहरू नाम, क्रियामूल र क्रिया मिलेर बनेका पाइन्छन्। 'अचानामाइ काट्टु भये' - अचानोमा राखेर काट्नु परोस्', 'काठामुणि बाद्दु होइझे' - 'काठमा बाँधेर लग्नु परोस्, 'चानिन् मुत्तु होइझउ, - 'निधारमा पिसाब फेर्नु परोस्', 'डउर पडि झे'- 'खाल्डोमा परोस्', 'लामिबाट बनउनु होइझे'- 'मरेस्' जस्ता गालीहरू वाक्यात्मक संरचनामा आएका गाली हुन्। यी गालीहरूले स्थानीय संस्कृतिअनुसारको अभिव्यक्ति गालीका माध्यमबाट व्यक्त गरेको पाइन्छ। गाली व्यक्तिको अपमान गर्न, रिस देखाउन वा कुनै कुरा हँसिलो ढङ्गले भन्नका लागि प्रयोग भएका पाइन्छन्।

उ.	**नाम**	**+**	**क्रिया विशेषण**	**+**	**क्रिया**	**=**	**वाक्य**	**अर्थ**
	फुल	+	ओइलाएजसो	+	होइझे	=	फुलओइलाएजसो होइझे।	फुलजस्तै हुनु
	पापडो	+	कुयाझो	+	होइझे	=	पापडो कुयाझो होइझे।	फत्त कुहुनु।
	पिणउका	+	पातो पानीझो	+	होइझे	=	पिणउका पातो पानीझो होइझे।	हराउनु।
	डाकुलो	+	ओइलाइ	+	झउ	=	डाकुलो ओइलाइ झउ।	उमेरमै मरेस्।
	कचुण्णो	+	चिद्दु	+	होइझे	=	कचुण्णो चिद्दु होइझे।	कचौँडो चिर्नु परोस्।

माथि प्रस्तुत गरिएका गालीहरू नाम र क्रियाविशेषण मिली बनेका दार्चुलेली गालीहरू हुन्। प्रस्तुत 'फुल ओइलाएजसो होइझे' - 'फूल सुकेर मरेजस्तो भएस्', 'पापडो कुयाजसो होइझे' - 'घुइयाँका डाँठ कुहिएर काम नलाग्ने भएजस्तै भएस्', 'पिणउका पातो पानीझो होइझे' - 'पिँडालुका पातमा पानी हराजस्तै हराएस्', 'डाकुलो ओइलाझो होइझे' - 'टाउको फुटोस् वा अस्तित्त्व नरहोस्', 'कचुण्णो चिद्दु होइझौँ' - कचौँडो च्यात्नु परोस्' जस्ता गालीहरू नाम, क्रियाविशेण र क्रिया मिली बनेका गालीहरू हुन्। यी गालीहरू मानवीय र मानवेत्तर प्राणीलाई गाली गर्नका लागि प्रयोग गरिएका पाइन्छन्।

विषयवस्तुका आधारमा गालीको सङ्कलन र विश्लेषण

दार्चुलेली गालीहरू सामाजिक संरचना, सांस्कृतिक विश्वास, पारिवारिक प्रतिष्ठा, यौन धारणा र जातीय दृष्टिकोण झल्काउने भाषिक माध्यम हुन्। गालीको अध्ययनबाट भाषाको प्रयोग मात्र नभई समाजको सोच, शक्तिको वितरण र सङ्घर्षको ढाँचा समेत बुझ्न मद्दत गर्दछ।

पारिवारिक सम्बन्धका आधारमा

परिवारका सदस्यहरूलाई तोकेर गरिने गाली पारिवारिक गाली हो। व्यक्तिको सामाजिक मर्यादा, आत्मसम्मान, इज्जतमा चोट पुऱ्याउने काम पारिवारिक गालीमा गरेको पाइन्छ।

गाली	**अर्थ**
बेस्याको चेलो	यौन व्यवसायमा लागेकी आइमाईको छोरो
कुकुरो जात	कुकुर स्वभावको।
ढोलिभाणजसो	कथित दलितजस्तै।
अप्तालि होइझउ	सन्तान नहोस्।
तेरो भाइ मरिझउ	भाइ मरोस्।

तेरा भाय राखलि	भाइसँग विवाह गरी बसेस् ।
तेरा बुवा राखलि	बुवासँग विवाह गरी बसेस् ।
फेरकल्लि राण	घुमिरहने ।
डोलारि राण	घुमिरहने ।

पारिवारिक रूपमा गरिने गालीहरूले सामाजिक हिंसा, विभेद र सम्मानको विघटन गर्ने काम गरेको पाइन्छ । माथि प्रस्तुत 'बेस्याको चेलो', 'कुकुरो जात', 'ढोलिभाण जसो', 'अप्पालि होइझौँ', 'तेरो भाइ मरिझौँ', तेरा भाय राखलि, 'तेरा बुबा राखलि', 'फेरकल्लि राण', 'डोलारि राण' आदि गालीहरू पारिवारिक सम्बन्धका रूपमा प्रयोग गरिएका पाइन्छन् । यी गालीहरू आवेगमा आएर व्यक्ति वा चरित्रको प्रवृत्तिमा आधारित भई ठुलाले सानालाई गर्ने गालीहरूका रूपमा रहेका छन् । यी गालीहरूको जवाफ फर्काएमा झगडा हुने अवस्था रहेको पाइन्छ ।

यौनिक र शारीरिक सम्बन्धका आधारमा

यौनिक र शारीरिक गालीहरू कसैको यौन व्यवहार, यौनाङ्ग, यौन सम्बन्ध या परिवारको सदस्यलाई लक्षित गरेर गाली गरिएको पाइन्छ । यी गालीहरू समाजमा लज्जास्पद, अपमानजनक वा क्रोध व्यक्त गर्न प्रयोगमा आएका पाइन्छन् । स्थानीय प्रयोगमा यी गालीहरूले गहिरो जरा गाडेको पाइन्छ ।

गाली	**अर्थ**
चुइदे	यौनाङ्ग चुस्ने काम
पिइदे	यौनाङ्ग पिउने काम
बेस्या	यौन कार्यमा लाग्ने आइमाई
ट्यालि	स्त्री लम्पट
फगिट्टा	इज्जत नभएकी आइमाई

'चुइदे', 'पिइदे' जस्ता गालीहरूले काम सम्पादनको कुरालाई बुझाउँछ । यौनाङ्गहरूलाई बुझाएर सोहीअनुसारको काम भन्ने बुझाउँछ । यी गालीहरूले मानसिक प्रतिक्रियाको प्रतिनिधित्व गरेको पाइन्छ । गाली दिने व्यक्ति आफूलाई शक्तिशाली र गाली सहनेलाई कमजोर देखाउने प्रयास गर्छ । स्त्रीलाई यौनिक वस्तु ठान्ने दृष्टिकोणले गाली गरिएको पाइन्छ । पुरुष पितृसत्तात्मक सोचको प्रभाव गालीमा रहेको पाइन्छ । पुरुषसँग सम्बन्धित गालीहरूमा यौनिक अपमान कम हुन्छ जस्तैः 'लाटो', 'गधा', 'मुल्या' आदि तर महिलालाई गरिने गालीहरू अपमानजनक रहेका पाइन्छन् । गालीको विषय महिला हुँदा महिलाहरू बढी अपमानित हुने गरेको पाइन्छ ।

जातीय वा वर्गीय आधारमा

गाली भाषिक अभिव्यक्तिको सामाजिक र सांस्कृतिक आयाम हो । यसले जातीय, वर्गीय, लिङ्गीय तथा स्थानिक चेतनालाई पनि उजागर गरेको पाइन्छ । परम्परागत सामाजिक संरचनामा यस्ता गालीहरू जन्मिएका पाइन्छन् । प्रगतिशील र सभ्य समाजमा प्रचलनमा रहेका यस्ता गालीहरूमा सचेतना वृद्धि गर्नु पर्ने देखिन्छ ।

गाली	**अर्थ**
भौसिङ्या	भैँसीजस्तै, होस गुमेको

गँवार	केही नआउने/असभ्य
जङ्गलि	जङ्गलि स्वभावको
भाणो चेलो	भाण जातिको छोरो
डुमो चेलो	दलितको छोरो
ढोलिको चेलो	दमाईको चेलो
चमारो चेलो	चमार जातिको छोरो

वर्तमानमा जातीय र वर्गीय गालीप्रति सचेतना बढेको छ । शिक्षित समुदायले यस्ता गालीहरू प्रयोगमा कमी ल्याएको छ भने कानुनी रूपमा समेत जातीय विभेद जनाउने अपमानजनक भाषाको निषेध गरिएको पाइन्छ । प्रस्तुत 'भौसिङ्या', 'गवाँर', 'जङ्गलि', 'भाणो चेलो', 'डुमो चेलो', 'कुकुरो चेलो', 'ढोलिलो चेलो', 'चमारको छोरो' जस्ता गालीको प्रयोग दार्चुलेली भाषामा गरिएको पाइन्छ । माथिल्लो जातकाले तल्लो जातकालाई, पुरुषले महिलालाई गाली गरेको पाइन्छ ।

सामाजिक आचरण वा व्यवहारजन्य

व्यक्तिको चालचलन, बोलचाल, संस्कार, नैतिक अनुशासन, सामाजिक भूमिकाहरूमा आधारित हुन्छन् । यी गालीहरूले व्यक्तिगत प्रतिष्ठा र मर्यादालाई क्षति पुऱ्याउने काम गर्छन् । नैतिकता र चरित्रप्रति प्रश्न उठाउने, शिष्टाचार र व्यवहारको मजाक उडाउने, संस्कार विरूद्धको टिप्पणी गर्ने काम गालीका माध्यमबाट हुन्छ । झगडा वा असहमतिका बेला, सामाजिक हीनता देखाउन, दबाब वा अपमान दिन, जातीय वा लिङ्गीय विभेद प्रकट गर्न, समाजमा डर देखाउन गालीको प्रयोग गरिएको पाइन्छ ।

गाली	**अर्थ**
दुधाभात जन लागे	सानो बच्चा हुर्कन नपाओस् ।
घिउभात खान होइझउ	क्रियामा खाने खाना खानु परोस् ।
कोडा बसि झे	घरभन्दा बाहिर जान नपाएस् । अपाङ्ग हुनु परोस्।
तेरि इजा पोइ होइ झे	आफ्नी आमाको पोइ भएस् ।
तेरा बुवा राखे	बुवासित जीवन बिताएस् ।
तेरा बुवाकि जोइ होइझे	बुबाकै स्वास्नी भएर बसेस् ।
बले खइनो होइझे	हातको बाला निकाल्नु परोस् । मरेस् ।
जाड्डि पुऱ्यउनु होइझे	मसानघाट पुऱ्यउनु परोस् ।मरेस् ।

माथि प्रस्तुत गरिएका 'दुधाभात जनलागे', घिउभात खान होइझउ', 'कोडा बसि झे', तेरि इजा पोइ होइ झे', 'तेरा बुवा राखे', तेरा बुवाकि जोइ होइ झे', 'बले खइनो होइझे', जाड्डि पुऱ्यउनु होइझे' जस्ता गालीहरू सामाजिक व्यवहार र आचरणजन्य रूपमा व्यक्त भएका पाइन्छन् । समाजमा परम्परागत रूपमा प्रचलित भई आएका र अहिले रूढ अवस्थामा प्रयोग भइरहेका गालीले परस्परको वैमनस्यता, झगडा निम्त्याउने गरेको पाइन्छ ।

पशुजन्य (गोरबाच्छा) गाली

दार्चुलेली भाषामा गोरबाच्छा भन्नाले पशु वा जनावरलाई बुझाउँछ । गाई, भैँसी, भेडा बाख्रा आदिलाई गाली गर्दा निम्नानुसारका गालीहरूको प्रयोग हुने गरेको पाइन्छ ।

गाली	अर्थ
तइ भिट्या गिर्कि झे ।	भिरमा परेस् ।
तइ लोटउनु होइझे ।	लडाउनु परोस् ।
तइ लोटि मरिझे ।	लडेर मरेस् ।
तइ काठा गिर्कि झे ।	भिरमा परेर मरेस् ।
तइ सण्या लउनु होइझे ।	साँढे लगाउनु परोस् ।
तेरि कचुण्णि अग्गास लागि झउ ।	कचौँडो उतानो होस् ।
तेरि चुका हाल्लि होइ झउ ।	छाँचमा चुक हाल्नु परोस् ।
तोखिलेख चिल आइझउन् ।	गिद्धले खाओस् ।
तोइ लोटुना बाग खाइहालउ ।	बाघले खाओस् ।
तइ गाःडा कामखाइ लागिझे ।	११ औँ दिनको काममा लागेस् ।
तोइ स्याल पडि झउन् ।	स्यालले खाओस् ।

दार्चुलेली भाषामा पशुपंक्षीलाई गाली गरिएको पाइन्छ । जनावरहरूले सुकाएको बिस्कुन खाँदा (सर खाँदा), खेतमा रोपेको धान, छरेको अन्न, बिऊ आदि खाएर नोक्सान पुऱ्याउँदा वा अन्य कुनै किसिमले दुःख दिँदा मानवबाट मानवेत्तर प्राणीप्रतिको रिस र आवेग अभिव्यक्त गर्न गालीको प्रयोग भएको पाइन्छ । तइ 'भिट्या गिरकि झे' - 'भिरमा परेस' , तइ लोटउनु 'होइ झे' , 'तइ लोटउनु होइ झे' - 'लडेर मरेस्', 'तइ काठा गिर्कि झे' - 'भिरमा परेर मरेस्' , 'तइ सण्या होइ झे' - 'मरेको मान्छेको काममा लागेस्', 'तेरि कचुण्णि आग्गास लागि झउ' - 'कचौँडो उत्तानो होस्', 'तेरो कचुण्णो चिद्दो होइ झउ' - 'ब्याउन नसकेर कचौँडो चिर्नु परोस्', 'तेरि चुका हाल्लि होइझउ' - 'छाँचमा चुक हाल्नु परोस्' , 'तोखिलेख चिल आइझउन्' - 'गिद्दले खाओस्', 'तोइ लोटुना बाग खाइहसलउ' - 'बाघले खाओस्', 'तइ गाःडाः कामखाइ लागि झे' - मरेको मान्छेको एघारौँ दिनको काममा लागेस्', 'तोइ स्याल पडि झउन' - 'स्यालले खोओस्' जस्ता गालीहरू दार्चुलेली भाषामा जनावरहरूलाई गाली गर्न प्रयोग हुन्छन् । प्रस्तुत गालीहरूको इच्छार्थक भावमा प्रयुक्त भएका पाइन्छन् । पशु तथा जनावरहरूले मानवीय प्राणीका काम कारवाहीहरूमा नोक्सान पुऱ्याएमा गाली दिने गरेको पाइन्छ । दुध दिने भैँसी वा गाईले दुध नदिएर लाति हानेमा, लाति हानेर दुध पोखेमा, घाममा सुकाएको अन्न बिस्कुन खाएर नोक्सान पुऱ्याएको बेला गाली दिने गरिएको पाइन्छ ।

प्रकृतिका आधारमा

प्रकृतिमा पाइने वस्तुहरू जस्तैः जनावर, वनस्पति, मौसम, भौगोलिक तत्त्व आदि नामको प्रयोग गरी गरिने गालीलाई प्रकृतिको माध्यमबाट गरिने गालीका रूपमा लिइन्छ । यी गालीहरूबाट व्यङ्ग्यात्मक, अपमानजनक अभिव्यक्ति प्रस्तुत गरिएको हुन्छ । यी गालीहरू स्थानीय प्रकृति, संस्कारसँग सम्बन्धित रहेका पाइन्छन् ।

गाली	अर्थ
झाःडजसो	झारजस्तै
कुकुरो जात	कुकुरको स्वभावको
ब्वाँसा झो	मोटो बुद्धिको
फुःल ओइलाए होइझउ	फूलझरेजस्तै झरेस्
डाकुलि काटिझउ	उमेरमै मरेस्
पापडोकुयाझो होइझे	कुहेर मरेस्
पानिकिजनि बिलाइझे	हराएस्
डालपडिझउ	असिना परोस्
बउड्या बल्लउनझो	गोरुजस्तै
सुङरउनझो	अल्छी, फोहरी
तेरा खुट्टा जनपडुन	खुट्टा नपरून
तेरा छातिमा तुलसि पोल्लि होइझउ	मरेस्
तेरि डाणि लागिझउ	काँठमा बाँधेर लग्नु परोस्
बोक्सेनि राण	बोक्सी आइमाई
तेरा खोच्च्युडा बगउना होइजउन्मरेस्,	मृत्यु संस्कारको काम गर्नु परोस्
तेरा पातलाः लागिझउन्	मरेपछि गरिने र लाग्ने दुना, टपरी लागून, मरेस्
तेरा गाःडाकामकाइ लउन होइझौँ	११औँ दिनको काममा लगाउनु परोस्
ताडो पडिझौँ	पोलियो लागोस्, अपाङ्ग भएस, दुःख पाएस्

प्रस्तुत 'तेरा खुट्टा जनपडुन', 'तेरा छातीमा तुलसि पोल्लि होइझौँ', 'तेरि डाणि लागि झउ', 'तेरि लामिडाणि लागि झउ', 'बोक्सेनि राण', 'तेरा खोच्च्युडा बगउना होइ झउन्', 'तेरा पातला लागि झउन्', 'गाःडा कामखाइ लउन होइझौँ', 'ताडो पडिझौँ' जस्ता गालीहरू धर्म, संस्कारसँग सम्बन्धित गाली हुन् । यी गालीहरूले मानिसको जीवनपद्धति र धार्मिक आस्था, विश्वाससँगका मूल्य मान्यताहरूको अभिव्यक्ति दिएको पाइन्छ । स्थानीय धार्मिक अनुशासन, सामाजिक नियम, संस्कारअनुसार जीवन बिताउने अपेक्षा, अनि त्यसको उलङ्घन गरे सामाजिक प्रतिघात समेत झेल्नु परेको देखिन्छ

अन्य आधारमा

माथि नपरेका तर विविध विषयवस्तुसँग सम्बन्धित गाली अन्य गालीअन्तर्गत पर्दछन् । विविध गालीमा ऐतिहासिक, समय जनाउने, बाल, वृद्ध र वयस्क अवस्थालाई जनाउने, पुरुष र महिलालाई जनाउने किसिमका गाली रहेका पाइन्छन् । विविध विषयवस्तुसँग सम्बन्धित गालीहरूलाई निम्नानुसार उल्लेख गरिएको छ;

गाली	अर्थ
छ मइना बर्स दिन जनपुजे	समय
तेरो बरमान्ड फुटिझौँ	मृत्यु

तइ घर खान जनपाए	बिछोड
नउ भात खान जनपाए	मृत्यु
दुबधागो लउन जनपाए	धर्म
तेरो जडो जनरउ	वंश परम्परा
अद्‌गले होइझे	बैँस
भोल नब्याए मरिझे	मृत्यु

माथि प्रस्तुत गरिएका 'छ मैना वर्ष दिन जनपुजे', 'तेरो बरमाण्डु फुटिझौँ', 'तइ घर खान जनपाए', 'नउ भात खान जन पाए', 'दुबधागो लउन जनपाए', 'तेरो जडो जनरउ', 'अद्‌गले होइझे', 'भोलनब्याए मरिझे' विविध विषयवस्तुसँग सम्बन्धित गाली हुन् । समय, ऐतिहासिक परम्परा, बैस आदि अवस्थाका सन्दर्भलाई इङ्गित गरी गाली सिर्जना भएका पाइन्छन् ।

दार्चुलेली गालीको सम्पादनात्मक प्रक्रियाको विश्लेषण

मानिसहरू विचार विनिमयको लागि भाषाको प्रयोग गर्दछन् । भाषिक सम्प्रेषणको निम्ति प्रयोग गरिने भाषा बोधगम्य हुनु आवश्यक हुन्छ । दार्चुलेली भाषा दार्चुलेलीहरूले आपसमा विचार विनिमयको लागि सशक्त रूपमा प्रयोग गर्दछन् । भाषाको प्रयोग गर्दा कोमल र आवेशात्मक भाषिक प्रयोग भएको पाइन्छ । सामान्य भाषिक व्यवहारमा कोमल भाषिक व्यवहार व्यवहृत भएको पाइन्छ भने आपसी वैमनस्य र झगडाको स्थितिमा आवेशात्मक भाषासँगै गालीको प्रयोग दार्चुलेली भाषामा भएको पाइन्छ । दार्चुलेली भाषाका वक्ताहरूले आवेशको अवस्थामा बोल्ने भाषाभित्र गालीको समावेश गरेको पाइन्छ ।

लोकजीवनमा लोकसाहित्यका अन्य विधाझैं लोकोक्तिको शीर्षक राख्ने चलन नभएझै गालीको पनि शीर्षक राखिएको छैन । दार्चुलेली भाषामा सोझै गालीको प्रयोग गरिएको पाइन्छ । यसरी विभिन्न धर्म, संस्कार, सामाजिक मूल्य, मान्यता, प्रकृति, आचरण र व्यवहारअनुसार दार्चुलेली गालीलाई निम्नलिखित शीर्षकहरू दिएर अध्ययन गरिएको छ । क.औपचारिक र अनौपचारिक (श्लीर र अश्लील) आधारमा ख. पारिवारिक सम्बन्धका आधारमा ग. यौनिक र शारीरिक सम्बन्धका आधारमा घ. जातीय वा वर्गीय आधारमा ङ. सामाजिक आचरण वा व्यवहारजन्य आधारमा च. पशुपछीका आधारमा छ. प्रकृतिका आधारमा ज. धर्म, संस्कारका आधारमा झ. अन्य आधारमा

सामाजिक व्यवहार र आचरणजन्य सन्दर्भ

दाउरा थुपारेर राखेको अवस्थामा चोरेर लगेपछिको सन्दर्भमा त्यस व्यक्तिलाई हप्काउन, डराउन निम्न किसिमका गालीहरूको कथन गरिएको पाइन्छः

गाली	**अर्थ**
चिड्को पडिझउ ।	मरेपछि जलाउन दिइने काठ दिनु परोस् ।
नाकमाइ पोल्ला हुन्ना ।	पोल्नु परोस् ,
छातिमाइ राख्दा होइझउन् ।	छातीमा राखेर पोल्नु परोस् ।
थोपड्या दरूवा लैझान जनपाए ।	थुपारेर राकेका दाउरा लग्नेवाला मरेस् ।
उपरि इनमइनान् जनपुजे ।	अर्को वर्षको यो महिना नपुग्दै मरेस् ।

परिवेश र दृश्य

आफूले काटेर राखेका दाउरा चोरेर लगेपछि चोर्ने व्यक्ति समेत थाहा पाएपछि चोर हो, चोरलाई सजाय दिनुपर्छ भन्ने आवेशअनुरूप गालीको कथन भएको छ । दाउरा राखेको ठाउँ स्थानका रूपमा आएको छ । चोर समातिएको अवस्थामा गालिन्यावालोले गाली गरेको छ । गालीदिन्यावालोले जसका दाउरा चोरेका हुन्; उसले चोरलाई तोकेर गाली गरेको दृश्य प्रस्तुत भएको छ । चोरले दाउरा लिन छोडेको छ भने कुनै पनि किसिमको प्रत्युत्तर फर्काएको छैन ।

सहभागीहरू

यसमा गालीदिन्यावालो, सुन्ने स्रोता र चोर सहभागी भई एकोहोरो सञ्चार भएको छ ।

उद्देश्य

आफ्नै खेतबारीको नजिक राखिएका दाउरा चोरले चोरेर लगेपछि आइन्दा चोरी नगर्न चेतावनी दिनका लागि आवेशमा आएर गाली गरेको पाइन्छ । गालीका माध्यमबाट तिम्रो केही नहरोस्, तिम्रो मृत्यु संस्कारमा तिमीले चोरेर लगेका दाउरामै पोल्नु परोस् भन्ने व्यङ्ग्यात्मक अभिव्यक्तिको कामना गरिएको छ । गालीका माध्यमबाट दण्ड दिने उद्देश्य राखिएको छ ।

कार्यको क्रम

दाउरा चोर्ने काम पहिले भइसकेको छ भने चोरलाई पक्रने काम पछि भएको छ । चोरलाई समात्न लुकेर बसेको बेलादेखि र दाउरा चोरेको थाहा पाएपछि गालीदिने क्रमको सुरुवात भएको छ । प्रत्यक्ष रूपमा चोरलाई भेटाउँदा गालिदिन्यावालोले गालीको वर्षा गरेको छ । दाउरा चोरेको स्वीकार गरेपछि अब यसलाई अगाडि नबढाउनु भनेपछि गाली गर्ने काम रोकिएको छ ।

सुर

दाउरा चोरेको आवेशमा आएर गाली गरिएको छ भने खिसी, हेला, व्यङ्ग्य र पराइपनको भाव व्यक्त भएको छ ।

कारणत्त्व

गालीमा अनौपचारिक शैली र भाषाको प्रयोग गरिएको छ । आफ्ना दाउरा चोरेको सन्दर्भमा गाली प्रस्तुत भएको छ ।

प्रतिमानहरू

मान्यजन, श्रद्धायुक्त व्यक्ति, नन्द, जेठान भएपछि गाली दिँदैनन् । एकालापीय गाली प्रस्तुत भएको छ । आफ्नै उमेर समूहका र दाउरा चोर्ने चोरको भेटिएकोले गाली गरिएको छ ।

विधा

गाली यस कथनको विधा हो । लोकजीवनमा वा जनमानसमा भिजेको गालीको कथन गरिएको छ । लोकजीवनमा लोकोक्तिझैँ गाली भिजेको हुनाले लोकसाहित्यिक विधाका रूपमा लिई अध्ययन गरिएको छ ।

पारिवारिक सन्दर्भ

आमाबुबा वा आफूभन्दा ठुला मान्यजनहरूले छोराछोरी वा भाइबहिनीहरूलाई गल्ती गरेको सन्दर्भमा कथन गरिएका गालीहरूका माध्यमबाट निम्नानुसारको कथन अभिव्यक्त भएको पाइन्छ;

गाली	अर्थ
आद्दाबाटा रइझे ।	आधाबाटामै मरेस् ।
अद्‌गले होइझे ।	आधा उमेरमै मरेस् ।
पल्लाचाल जनपुजे ।	अन्तिम लक्ष्यसम्म नपुगेस् ।
लामिडाणि लागिझौँ ।	लामो काठमा बाँधेर लग्नु परोस् ।
खुट्टो जनपडउ ।	खुट्टा नपरोस् / पाइलो नपरोस् ।

परिवेश र दृश्य

आफूभन्दा साना आफ्ना छोरा छोरी भाइबहिनीहरूले भनेको नमान्दा र भनेको कामभन्दा उल्टो काम गरेमा वा बिगारेको, बदमासी गर्दा हप्काउँदै गालीको कथन गरिएको छ । काम भइरहेको ठाउँ, घर, खेत आदि यस कथनको स्थान हो । काममा अह्राएको समयमा काम नभएको, बिगारेको प्रसङ्गमा अभिभावकलाई आवेशको अवस्थामा पऱ्याएको पाइन्छ । गलत कार्यबाट सूमार्गमा लगाउन, समाजसापेक्ष कार्य गर्न गालीमार्फत् पुनः यस्ता कमजोरी नदोहोऱ्याओस् भनी गालीको कथन गरिएको पाइन्छ । यस कार्यमा गालीको प्रत्युत्तर नफर्काए पनि मनमनै रिसले चुर भएर रिस रोकिरहेको र प्रतिवाद नगरेको प्रसङ्ग देखिएको छ ।

सहभागीहरू

यसमा आफ्नै परिवारका जिम्मेवारी र अभिभावकत्व बोकेका व्यक्तिहरू आमाबुवा र उनका सन्तान, भाइ, भतिजा मात्र सहभागी भएका छन् । गाली एकोहोरो सञ्चारका रूपमा व्यक्त भएको छ।

उद्देश्य

आफ्ना सन्तानहरूमा असल बानी, व्यवहार र संस्कारको विकास होस् भन्ने उद्देश्यले गाली गरिएको पाइन्छ । भाषिक अभिव्यक्तिले सशक्त ढङ्गले काम गर्ने भएकोले 'पिट्ने' कामभन्दा पनि 'गाली' ले सम्झाउने प्रयास गरिएको छ । वास्तविक गाली गरिएजस्तै व्यवहारमा परिणाम त्यस्तै आओस् भन्ने अभिप्राय नभएर व्यङ्ग्यात्मक अभिव्यक्ति प्रकटन गरी गल्ती सच्याउनु पर्छ भन्ने उद्देश्य रहेको छ ।

कार्यको क्रम

आफ्ना छोरा छोरी वा परिवारका सदस्यहरूले काम विगारे भन्ने जानकारी प्राप्त भएपछि गाली सुरू हुन्छ । काम बिगार्नेहरूले प्रत्युत्तर फर्काएमा गालीको वर्षा सुरू भई हात हालाहाल हुने, झगडा हुने हुन्छ भने स्वीकार गरेमा गाली रोकिइ सिकाइको क्रममा अन्त्य हुन्छ ।

सुर

यस कथनमा झर्को र दिक्क लाग्दो स्वर व्यक्त भएको छ । यसमा आवेश प्रकट भए पनि आत्मीयताको भाव व्यक्त भएको छ ।

कारणत्त्व

यसमा अनौपचारिक शैलीको र भाषाको प्रयोग गरिएको छ ।

प्रतिमानहरू

गालिदिन्यावालो र गालीदिन्यावालीले व्यवहार र सिकाइमा यसुधार गर्नका लागि यो कथन अभिव्यक्त गरेको पाइन्छ । यो कथन सामाजिक मर्यादाभित्र रहेर गरिएको कथन हो।

पशुपंछीको सन्दर्भ

माथि प्रस्तुत गरिएका गालीहरू दार्चुला जिल्लाका दार्चुलेली भाषा बोल्ने भाषिक वक्ताहरूबाट सम्पादन भएका गाली हुन् । गाउँघरमा कसैले पशु, चौपाया छोडेर बिस्कुन, खेती खुवाउँदा, माल सामान चोरेर हानी पुऱ्याउँदा गरिएका गाली हुन् । गालीदिन्यावालोले गालीसुन्ने व्यक्तिलाई चिनेको छ भने 'तेरो', 'तइ', 'त', 'तेरि' सार्वनामिक पदबाट सम्बोधन गरेर गाली दिने गरेको पाइन्छ । लक्षित व्यक्ति अपरिचित भएमा 'मादरचुत', माचिक्ने, 'तेरि आमा ठास्ने', 'तेरि मा ल्हिने' भनेर सानकासाथ धारेहात गरेर नजिकमा भएका व्यक्तिहरूसँग सहमति माग्दै गाली गर्ने गरिएको पाइन्छ । दोषी व्यक्ति सामुन्नेमा भएमा प्रतिवाद गर्दै निर्दोष प्रमाणित गर्ने क्रममा विवाद हुने झगडा हुने क्रममा पुगेर गाली क्रम टुङ्गिने अवस्था रहने गरेको देखिन्छ । अर्कैको पशुले आफ्नो खेती खाएपछि तिनलाई धपाउँदाको सन्दर्भमा खेतीवालाबाट निम्नलिखित गालीको कथन भएको पाइन्छ;

गाली	**अर्थ**
तेरो सण्या थारो हाल्लु होइझौँ ।	बाझो रहोस् ।
तेरो सण्या किलामाइ रइझौँ ।	किलोमा नै मरोस् ।
तेरा सण्या बाग पडिझौँ ।	बाघले खाओस् ।
तइ गोरुबाच्छा पाल्लु जनपाए ।	गाईवस्तु पाल्न नपाएस्।
तेरा आगापाछा लउना होइझउन् ।	मृत्यु संस्कारमा लगाउनु परोस् ।

माथि दिइएका गालीलाई डेल हाइम्सको कथनको सिद्धान्तअनुरूप देहायको सन्दर्भपरक स्थितिमा गालीको सम्पादन भएको पाइन्छ;

परिवेश र दृश्य

आफूले मिहिनेत गरेर लगाएको खेतीमा पसेका गोरूले खेती खाँदै गरेको र धपाउँदै गरेको अवस्थामा गालीको कथन भएको छ । खेतदेखि मालिकको घरसम्म पशुलाई पुऱ्याउँदाको समयावधिसम्म गरिएका गालीको कथनको अभिव्यक्ति प्रस्तुत भएको छ । आफ्ना पशु, चौपाया छाडा छोड्ने, हेरविचार नगर्नेलाई कडा चेतावनी दिन पशुलाई लखेट्दै घरसम्म जाँदै गरेको परिवेश र दृश्यको निर्माण भएको छ । पटक पटक छाडा छोडेको, खेती खुवाएकोले खेतीवाल आवेशमा आएर गाली गर्दै यस परिस्थितिमा पुगेको पाइन्छ । प्रस्तुत गालीहरू स्वाभाविक रूपमा व्यक्त भएका पाइन्छन् । मालिक नभेटिएकाले अरूले सुन्दा जसका पशु हुन्; उसैलाई सुनाऊ, हामीलाई किन सुनाउछौँ भन्ने प्रतिवादको अभिव्यक्ति समेत सामना गर्नु परेको परिवेश र दृश्य पाइन्छ ।

सहभागीहरू

सहभागीहरूमा खेतीवाल र पशु चौपायाको मालिकका छिमेकीहरू रहेका छन् । गालीको प्रतिवाद भएको छैन तर दोहोरो सञ्चार भने भएको पाइन्छ ।

उद्देश्य

यहाँ गाली गर्नुको उद्देश्य र पशु चौपायालाई खेतबारीबाट घरैसम्म पुऱ्याउनुले छाडा रूपमा पशु चौपाया छोड्ने मालिकलाई सजग गराउने, अब उपरान्त पशु नछोडोस् भन्ने चेतावनी दिने उद्देश्यले आवेशमय गाली गरिएको पाइन्छ। कानुनी सजाय दिन नसकिने, आफूभन्दा ठूलो कानुन बुझेको, गाउँको ठुलोठालु भएकाले गालीमार्फत् सजग गराउने कार्यले पशु मालिकको चित्रण भएको छ।

कार्यको क्रम

आफ्नो खेतबारीमा पशु पसेको देखेपछि गालीको क्रम सुरु भएको छ। पशु चौपायालाई मालिकको घरसम्म पुऱ्याएर फर्किंदासम्म गाली निरन्तर गरिएको छ। घरमा पशु मालिकसँग भेट नहुँदा कुर्ली -कुर्ली गरेको गाली छिमेकीले सुन्दा दाजुभाइले अप्ठ्यारो मानेको पाइन्छ। मालिकलाई नै गाली सुनाऊ भनेपछि गाली गर्ने क्रम कम भएको पाइन्छ।

सुर

आरोह अवरोहका साथै झर्किएर, कड्केर गालीको कथन गरिएको छ। यसमा अनादर, व्यङ्ग्य पराइपन, सजगता र चेतावनीको भाव व्यक्त भएको छ।

निष्कर्ष

दार्चुलेली गाली दार्चुला जिल्लामा बोलिने दार्चुलेली भाषामा आधारित रहेका छन्। गालीलाई आवेशका अवस्थामा उच्चरित शब्द वा वाक्यात्मक लोकोक्तिका रूपमा लिइन्छ। गालीमा द्वितीय र तृतीय पुरुष कर्तालाई उद्देश्य गरिएका अनादरवाची सामान्यार्थक, इच्छार्थक र सम्भावनार्थक क्रियापदको प्रयोग गरिएको पाइन्छ। गाली ठुलाबडा, दिन खाएका, समाज र देश दुनियाँ बुझेका आफूभन्दा साना व्यक्तिहरूलाई सत्मार्गमा डोऱ्याउन, सत्य कामको लागि प्रेरणा प्रदान गर्न, आवेशलाई शमन गर्न गालीको प्रयोग गरिएको पाइन्छ। माथिल्लो ओहदामा बसेका व्यक्तिले तल्लो ओहदाको व्यक्तिलाई गाली गर्ने प्रचलन रहेको छ। आफू उमेरका समान दौतरीका बिचमा समेत गाली गरिएको पाइन्छ। समाजका मान्यजन, जेठोबाठो व्यक्तिले सम्झाउनका लागि समेत गालीको प्रयोग गरेको पाइन्छ। यो प्रचलन औपचारिक किसिमको भए तापनि यसप्रति समाजको दृष्टिकोण नकारात्मक रहेको पाइन्छ। गालीको प्रत्युत्तर फर्काएमा झगडा हुने, विवाद हुने गरेको पाइन्छ।गालीले कसैको खती नगर्ने भए पनि गाली सहनु हुँदैन भन्ने मान्यता रहेको पाइन्छ। फलानाले मलाई बेकसुर गाली दियो भनी मुद्दा हाल्ने, उजुरी दिने समेत गरेको पाइन्छ। गालीलाई श्रापका रूपमा बुझ्ने प्रचलन दार्चुलेली समाजमा रहेको पाइन्छ।

(यो लेख कैलाली बहुमुखी क्याम्पसको रिसर्च म्यानेजमेन्ट सेलको आर्थिक सहयोगमा लघुअनुसन्धानका रूपमा छनोट र सम्पादन भएपश्चात प्रकाशित गरिएको छ।)

सन्दर्भ ग्रन्थ सूची

गौतम, देवीप्रसाद र चौलागाई, प्रेमप्रसाद (२०७०), *भाषाविज्ञान*, पाठ्यसामग्री पसल।

घोडासैनी, खगेन्द्र (२०६७), *अछामी गालीको अध्ययन*, सनलाइट पब्लिकेसन ।

घोडासैनी, खगेन्द्र प्रसाद (२०६४), *अछामी भाषिकाको शब्दकोश निर्माण*, एम. एड्. शोधपत्र त्रि.वि. ।

जोशी, गणेशराज (२०७४), *सुदूरपश्चिमका उखान*, भुँडीपुराण प्रकाशन ।

ढुंगाना, रामचन्द्र (२०५७), *संक्षिप्त नेपाली शब्दकोश*, साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव र अन्य (२०५५), (सम्पा), *नेपाली बृहत् शब्दकोश*, (चौथो सं.), नेपाल प्रज्ञाप्रतिष्ठान ।

नेपाल सरकार (२०७२), *नेपालको संविधान*, कानुन किताब व्यवस्था समिति ।

पन्त, दिलानन्द (२०६७), *दार्चुलाको इतिहास*, वेङ्कटेश अफसेट प्रेस ।

पराजुली, मोतीलाल र गिरी जिवेन्द्र देव (२०८०), *नेपाली लोकसाहित्यको रूपरेखा*, (दोस्रो सं.), साझा प्रकाशन ।

पोखरेल, बालकृष्ण (२०५०), *राष्ट्रभाषा*, (नवौँ सं.), साझा प्रकाशन ।

पौडेल, माधव प्रसाद र धामी खगेन्द्र सिंह (२०७५), *सामाजिक र मनोभाषा विज्ञान*, इन्टेलेक्चुअल्ज् बुक प्यालेस ।

पौडेल, विष्णुप्रसाद (२०५७), *संस्कृत काव्यशास्त्र*, भुँडीपुराण प्रकाशन ।

बन्धु, चूडामणि (२०५९), *क्षेत्रकार्य र सम्पादन सिद्धान्त*, नेपाली संस्कृति, सांस्कृतिक संस्थान, विशेषाङ्क ।

भट्टराई, ध्रुवप्रसाद (२०७७), *नेपाली लोककविताको काव्यशास्त्रीय विश्लेषण*, ग्लोबल प्रिन्ट कनेक्सन ।

भट्टराई, रामप्रसाद (२०८१), *भाषिक सम्पादन कला*, इन्टेलेक्च्युअल्ज बुक प्यालेस ।

लम्साल, रामचन्द्र (२०७१), *नेपाली भाषा र व्याकरण*, सनलाइट पब्लिकेसन ।

To Cite this Article [APA Style, 7th Edition]:

विष्ट, वासुदेव (2025), दार्चुलेली गालीको सम्पादनात्मक प्रक्रियाको वर्गीकरण र विश्लेषण. *Journal of Duragalaxmi, 4*(1), 351-372. https://doi.org/10.3126/jdl.v4i1.88047